# अग्नि महाकाव्यमा जातीय सबाल्टर्न तथा शैक्षणिक उपयोगिता

**शक्तिराज नेपाल**

उपप्राध्यापक

नेपालीशिक्षा विभाग

महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय, नेपाल

✉ snepal758@gmail.com

https://doi.org/10.3126/dristikon.v14i1.66065

## लेखसार

प्रस्तुत लेख सबाल्टर्न सिद्धान्तका आधारमा अग्नि महाकाव्यको विश्लेषण गर्ने विषयमा केन्द्रित छ । एन्टोनियो ग्राम्सीबाट अवधारणीकृत तथा रञ्जित गुहा र गायत्री चक्रवर्तीद्वारा प्रतिपादित एवम् वर्णित सबाल्टर्न सिद्धान्तका आधारमा अभिजात र शोषित वर्ग तथा जातिको पहिचान गरी प्रस्तुत लेखमा अग्नि महाकाव्यले प्रस्तुत गरेको दलित जातिको सबाल्टर्न स्थितिलाई केलाइएको छ । अग्नि महाकाव्यमा प्रस्तुत गरिएको दलित जातिको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको स्थितिलाई समस्याका रूपमा लिई समष्टिगत रूपमा जातीय सबाल्टर्नको संज्ञा दिई विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । गुणात्मक अध्ययन पद्धतिमा आधारित प्रस्तुत लेखमा विषयवस्तु विश्लेषण (Content Analylis) विधिका आधारमा विश्लेषण गरिएको छ । अग्नि महाकाव्यलाई प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको प्रस्तुत लेखमा जातीय सबाल्टर्नभित्र शिक्षाको आधार, कर्मको आधार, परम्पराको आधार, धर्मको आधार, सिपको आधार तथा सम्पत्तिको आधारलाई विश्लेषणको उपकरण बनाइएको छ । उक्त विश्लेषणपश्चात् कामी (विश्वकर्मा) जाति अशिक्षित भएका कारण सबाल्टर्न बनाइएको, सनातन परम्पराका कारण मन्दिरमा कामी जातिलाई भित्र पस्न नदिएको, आरनमा काम गर्ने वा आगोसँग काम गर्ने तथा हतियार उत्पादन गर्ने कर्म गरेका आधारमा कामीलाई सबाल्टर्न बनाइएको, सनातन हिन्दू धर्मको शैलीको प्रभावका कारण कामीलाई घर तथा स्कुलभित्र पस्न नदिएको, उसले छोएको नखाई भुइँमा फ्याँकिदिएको, तथा गरिब भएकै कारण कामी जाति सबाल्टर्न बनेको जस्ता कुराको निष्कर्ष निर्माण भएको छ । दलित जातिको किनारीकृत पक्षलाई मुख्य आधार बनाई सिर्जना गरिएको उक्त अग्नि महाकाव्यले नेपाली समाजको विभेदजन्य स्थितिलाई प्रस्तुत गरेकाले उक्त आधारमा सीमान्तीकृत वर्ग, जाति, पेसा, लिङ्ग तथा समुदायको पहिचान र सामाजिक संरचनाको अध्ययन गर्नका लागि प्रस्तुत लेखको उपयोगिता रहेको छ ।

*शब्दकुञ्जी :* अभिजात, जाति, पहिचान, प्रतिरोध, सबाल्टर्न

## विषयपरिचय

*अग्नि* महाकाव्य कवि नवराज लम्सालको मदन पुरस्कारप्राप्त काव्य कृति हो । वि.सं २०७८ मा प्रकाशित उक्त काव्य प्रगतिशील तथा सामाजिक सांस्कृतिक चेतनाद्वारा सृजित काव्यका रूपमा चिनिन्छ । लम्सालले २०४१ सालबाटै *अरुणोदय*पत्रिकामा कविता छपाएर औपचारिक साहित्यिक यात्रा सुरु गरेका थिए । यस महाकाव्यका ठाउँ ठाउँमा पूर्वीय चिन्तनलाई सान्दर्भिक बनाई प्रस्तुत गर्नुका साथै मानवता विरोधी पौराणिक र कर्मकाण्डीय सन्दर्भहरूको प्रासङ्गिक आलोचना पनि गरिएको छ ।

अङ्ग्रेजीको Subaltern शब्दको नेपाली रुपान्तरणका रूपमा सीमान्तीयतालाई प्रयोग गरिन्छ । Subaltern शब्द फ्रान्सेली Sabalterne तथा Subal-ternus बाट विकसित भएको हो । यस सीमान्तीयता शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकाहरू भन्ने जनाउँछ (बराल, २०७३, पृ.१७२) । यस शब्दलाई नेपालीमा अवरजन शब्दको प्रयोग गर्दै मोहनराज शर्माले पनि सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्तिलाई अवरजन वा सीमान्तीयता भनिन्छ भनी उल्लेख गरेका छन् (शर्मा, २०७८, पृ.८६) । विभिन्न शब्दले यस सीमान्तीयता शब्दलाई सम्बोधन गरिए तापनि ती सबै शब्दको अर्थ तथा अभिप्रायलाई नेपालीमा सीमान्तीय तथा सबाल्टर्न शब्दले नै समेट्न सकेको पाइन्छ ।

सबाल्टर्न भनेका आवाज दबाइएका वर्ग हुन् । गायत्री चक्रवर्तीले चर्चा गरेअनुसार कवि स्वयं नै सबाल्टर्न वर्गका आवाजको माध्यम हुन् । हुन त एउटा कवि शब्दको प्रयोग नगरीकन नै वस्तुवादिता वा एलियनीकरणको अवस्थालाई प्रस्तुत गर्न सक्छ (फेमिया, सन् १९८१, पृ. ७) । कविले यस महाकाव्यमा पनि सबाल्टर्न वर्गको दबिएको आवाजलाई काव्यका माध्यमबाट प्रस्फुटन गरेका छन् । यसको मतलव कविले सबाल्टर्नको बोली बोलेका छन् । यद्यपि ग्राम्सीको प्रिजन नोटले समाजको सम्भ्रान्त वर्गले नै समाजको संरचना तयार गर्ने कुरालाई प्रस्तुत गरेको छ (फेमिया, सन् १९८१, पृ. ७) गायत्री चक्रवर्ती स्पिभाकले सबाल्टर्न अध्ययन भाग-४ मा साहित्य र इतिहासकाबिच सम्बन्ध हुने कुराको प्रसङ्ग जोड्दै इतिहासभन्दा साहित्य बढी सबाल्टर्न मैत्री रहेको कुरा स्विकारेको पाइन्छ । उनले बङ्गाली कथाकार महाश्वेता देवीका कथाहरूका पात्रहरूको सांस्कृतिक कोणबाट समीक्षा गरेको पनि पाइन्छ । सांस्कृतिक अध्ययन र सबाल्टर्न अध्ययन दुबै ग्राम्चीको प्रभुत्व वा हेजिमनीबाट प्रेरित छन् । यी दुबै मार्क्सवादका कतिपय कुरामा विमति राख्छन् । त्यसैले दुवैबिच केही साम्यता भए पनि सांस्कृतिक अध्ययन सबाल्टर्नभन्दा व्यापक र केही भिन्न विचारको पनि छ (सुवेदी, २०६८, पृ.१३३) । जे होस्, स्पिभाकको प्रयत्न र प्रेरणाले साहित्यमा पनि सबाल्टर्नको अध्ययन सघन रूपमा देखिन थाल्यो ।

साहित्यको सबाल्टर्न अध्ययन मूलतः मार्क्सवाद, नारीवाद जस्तै सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण अध्ययन पद्धति हो । यो नवमार्क्सवाद, उत्तरसंरचनावाद, उत्तरआधुनिकतावाद र उत्तरऔपनिवेशवादकै पृष्ठभूमिमा विकसित सांस्कृतिक अध्ययनको एउटा प्रकार हो । यसले साहित्यिक कृतिमा समाजका आवाजविहीन, अशक्त, निर्धा, दबिएका वा दबाइएका दलित, शासित, किनारीकृत, श्रमिक, निम्नवर्गीय पात्रहरूको उपस्थिति के कस्तो रूपमा रहेको छ भनी अध्ययन गर्छ (शर्मा, २०७८, पृ.८७) । यस क्रममा आवश्यकताअनुसार उनीहरूको वर्गीयता, जातीयता, धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक आदि अनेक पक्षलाई केलाउँदै कृति, कृतिकार र स्वयं सीमान्तीकृतको आवाजलाई पनि अन्वेषण विश्लेषण गर्दै निष्कर्ष कथनमा पुग्छ ।

सबाल्टर्न वर्ग, जाति, लिङ्ग वा समुदायको आवाजलाई बोल्ने साहित्यिक मान्यतालाई सबाल्टर्न भनिने भएकाले यस अध्ययनमा पनि अग्नि महाकाव्यमा वर्णित विषयलाई आधार बनाएर सबाल्टर्न पक्षको खोजी गरिएको छ । उक्त खोजीमा सबाल्टर्नको अध्ययनका विविध पक्षमध्ये बढी सशक्त रूपमा प्रस्तुत गरिएको जातीय सबाल्टर्नलाई प्राथमिकतामा राखी विश्लेषण गरिएको छ । उक्त अध्ययनपश्चात् माध्यमिक तथा उच्च तहका पाठ्यपुस्तकमा समावेश गरिएका समोवेशिता तथा सबाल्टर्न विषयको अध्ययनका लागि यस लेखले सहयोग पुर्‍याउने छ । किनारीकृत वर्ग, पात्र वा समुदायको अध्ययनमा सान्दर्भिक हुने भएकाले यस लेखको उपयोगिता रहेको छ ।

**अध्ययनको परिसीमा**

सबाल्टर्न अध्ययनका विभिन्न आयाम छन् । उक्त आयामका दृष्टिले पनि लैङ्गिक, जातीय, वर्गीय, भौगोलिक तथा सबाल्टर्न पात्रको पहिचान, प्रतिनिधित्व, प्रतिरोध र तिनीहरूको बोली, सबाल्टर्न र गैरसबाल्टर्नका बिचको दृष्टिकोण आदिका आधारमा विश्लेषण गर्ने परम्परा छ । जातीय सबाल्टर्नमध्ये दलित जातीय सबाल्टर्नको प्रस्तुतिका आधारमा मात्र काव्यको विश्लेषण गरिएको छ । दलित जातीय सबाल्टर्नको गैरसबाल्टर्नप्रतिको दृष्टिकोणलाई विश्लेषण गर्न नसक्नु यस लेखको सीमाका रूपमा देखिएको छ ।

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

***अनुभवजन्य समीक्षा***

कान्तिपुर (२०७८, असोज) मा नेपाली समाजमा रहेको विकृति र विसङ्गतिपूर्ण जात व्यवस्थाका कारण नेपाली इतिहासमा प्रथम प्राविधिक वा वैज्ञानिकका रूपमा चिनिनुपर्ने कामी वा दलित समुदायप्रति अन्याय गरिएको हुँदा त्यो स्थिति परिवर्तनका लागि *अग्नि*महाकाव्यले राम्रो बहस छेडेको कुरा आहुतिले जनाएका छन् । यस्तैगीता त्रिपाठी (२०७८) ले नेपाली समाजको उत्पीडन र विभेदको कथा मौलिक ढङ्गमा प्रस्तुत गरेको हुँदा महाकाव्य जगत्मा यसको विशिष्ट स्थान हुने कुरा प्रस्तुत गरेकी छन् । पोखरेल(२०७९) ले *अग्नि* महाकाव्यले मानिसको जात कि धर्म ठुलो हो भन्ने विषयमा उठाएको प्रश्नलाई उजागर गर्दै क्रान्तिकारी महाकाव्यका रुपमा प्रस्तुत गरेकी छन् । महेश पौडेल (२०७८) ले एक मूर्ति भञ्जकको अस्त्रबिम्ब : *अग्नि* शीर्षकको लेख प्रकाशन गरेर प्रथमतः यसको विषयवस्तु र कथ्यका बारे केही विस्तारमा तथ्य सङ्गत चर्चा गरेका छन् । तथा, अशोक थापा (२०७९) महाकाव्यको विषयको प्रभाववादी ढाँचामा सर्सर्ती चर्चा गर्दै नेपाली समाजमा रहेको विभेदपूर्ण जातीय व्यवस्था सामाजिक कलङ्क भएको हुँदा त्यसलाई जरैदेखि उखेल्ने आशय राखेको *अग्नि* महाकाव्य विषयवस्तु, विचार र शिल्पका दृष्टिले ओजिलो रहेको जनाएका छन् । चन्द्रकान्त पौडेल (२०७९) ले *अग्नि* महाकाव्यले नेपाली समाजमा धर्मका नाममा मानवता विरोधी जातीय व्यवस्थाको धज्जी उडाएको कुरा उल्लेख गरेका छन्। वेद, उपनिषद्, पुराणहरूको व्यापक मानवतावादी दृष्टिलाई स्वार्थी पण्डितहरूले कुरूप पारेको कुरा महाकाव्यले देखाउनु यसको प्रशंसनीय कार्य हो भन्ने कुरा उक्त महाकाव्यमा व्यक्त गरिएको छ । सुशीला अम्गाई (२०७९) ले *अग्नि* महाकाव्यको विषयवस्तुमा देखिएको जातीय उत्पीडनलाई सर्सर्ती चर्चा गरेकी छन्साथै मानिस जन्मका आधारमा नभई कर्मका आधारमा महान् बन्ने महाकाव्यीय सोच प्रशंसनीय भए पनि निम्न वर्गीय छेलाङीका बौद्धिक र कलात्मक अभिव्यक्ति पात्रको स्तर अनुरूपको हुन नसकेको अनि अप्रचलित मिथकीय सन्दर्भले महाकाव्यको सुबोध्यतालाई क्षति पुर्‍याएको कुरा पनि औँल्याएकी छन् ।

***सैद्धान्तिक समीक्षा***

तारालाल श्रेष्ठ (२०६८) ले सबाल्टर्न अध्ययनको सिद्धान्त र प्रयोगलाई व्यवस्थित रूपमा प्रस्तुत गरेका छन् । समाजमा शासक तथा शक्तिकेन्द्रबाट शोषित र दमित निमुखा वर्ग हुन्छन् र त्यस्ता वर्ग शोषण र दमनका विरुद्ध बोल्न सक्दैनन् भन्ने सन्दर्भलाई उनले प्रस्तुत गरेका छन् । सञ्जीव उप्रेती (२०६८) ले सांस्कृतिक अध्ययन, उत्तरसंरचनावाद, उत्तरआधुनिकतावाद, जेन्डरको अध्ययन आदिमा सीमान्तीय अध्ययनका सन्दर्भहरू जोडेका छन् । साथै मोहनराज शर्मा (२०७०) ले अवरजन शब्दको परिभाषा र साहित्यमा यसको प्रयोगका सम्बन्धमा चर्चा गरेका छन् । नेपालका सन्दर्भमा हेर्दा ग्रामीण गरिबहरू, दलितहरू, असाक्षरहरू र द्वन्द्वपीडितहरू अवरजन हुन् जो केन्द्रबाट सधै किनारामा पारिएका हुन्छन् भन्ने कुरालाई उनले प्रस्तुत गरेका छन् ।मनप्रसाद सुब्बा र रेमिका थापा (सन् २०११) लेसीमान्तीय वर्गको परिचय प्रस्तुत गरेका छन् । अभि सुवेदी (२०७१) ले सबाल्र्टन वर्गको परिचय

प्रस्तुत गर्दै मानिसहरूले गरिब, सर्वहारा अनि समाजका पिछडिएका र सीमान्तीकृत मानिसहरूको पर्यायको रूपमा सीमान्तीयता अध्ययनलाई लिन्छन् भन्नेविचार व्यक्त गरेका छन् ।

माथिका पूर्वकार्यहरूको समीक्षापश्चात् सबाल्टर्न अध्ययनका आधारहरु विविध प्रकारका रहेका देखिन्छन् । *अग्नि* महाकाव्यलाई पनि विभिन्न कोणबाट अध्ययनगरिएको पाइन्छ तथापि प्राज्ञिक उद्देश्य राखेर सबाल्टर्नका कोणबाट आजसम्म कसैँले पनि अध्ययन नगरिएको पाइएकाले यस अध्ययनमा *अग्नि* महाकाव्यलाई सबाल्टर्नको जातीय कोणबाट अध्ययन गर्नका लागि माथिका कार्यले सहयोग पुर्‍याएका छन् ।

## शोधसामग्री तथा अध्ययन विधि

अध्ययनको प्रकृति नै सामग्री वा पाठ विश्लेषण गर्ने प्रकृतिको रहेकाले यस अध्ययनमा पुस्तक कार्यका माध्यमलाई अपनाई सामग्री सङ्कलन गरिएको छ । पुस्तक कार्यबाट *अग्नि* महाकाव्यलाई सोद्देश्यमूलक रूपले प्राथमिक सामग्री तथा पूर्वकार्य र सिद्धान्तमा अपनाइएका विभिन्न सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको तथा पाठ अध्ययनपश्चात् सबाल्टर्नको जातीय प्रस्तुतिलाई मात्र छानिएको छ । साथै गुणात्मक अध्ययन पद्धतिको विषयवस्तु विश्लेषण (Content Analysis) विधिअन्तर्गत अवधारणात्मक विश्लेषणको ढाँचाका आधारमासामग्रीको विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

पूर्वकार्यमा प्रस्तुत गरिएका तथा सबाल्टर्न साहित्य विश्लेषणका आधारमा प्रस्तुत अग्नि महाकाव्यको विश्लेषण गरिएको छ । सबाल्टर्नको जातीयतालाई केन्द्रमा राखी उक्त जातीयताभित्र पनि सबाल्टर्न सिर्जना गर्ने उपआधारलाई जातीय सामग्रीको विश्लेषण गरिएको छ :

### महाकाव्यमा जातीय सीमान्तीयता

*अग्नि* महाकाव्यले उठाएको मुख्य विषय नै सीमान्तीकृत समाजको दलित जातिको पहिचान र प्रतिरोध हो । उक्त विषयमा दलित जातिको जातिगत पहिचानलाई यस अध्ययनमा जातीय सीमान्तीयताका रूपमा प्रस्तुत गरिएको छ । यद्यपि, प्रस्तुत लेखको मुख्य उद्देश्य नै सीमान्तीकृत जातिको पहिचानको प्रस्तुतिलाई विश्लेषण गर्नु हो । यस खण्डमा महाकाव्यमा वर्णित सीमान्तीकृत दलित जातिको विषयलाई विश्लेषण गरिएको छ :

#### *शिक्षाका आधारमा जातीय सबाल्टर्न*

समाजमा कुनै जाति, वर्ग, लिङ्ग, समुदाय वा घटना सबाल्टर्न बन्ने विभिन्न कारणमध्ये शिक्षा पनि एक महत्त्वपूर्ण कारण हो । शिक्षित व्यक्तिले अशिक्षित व्यक्तिलाई कसरी हेप्न, दबाउन वा तिरस्कार गर्न सक्छन् भन्ने कुरालाई केन्द्रमा राखी दलित जातिको सीमान्तीकृत अवस्थालाई प्रस्तुत गरिएको छ । अभिजात वर्गीय जात वा वर्गले तल्लो वर्गको समुदायलाई हेपेपछि तथा त्यस वर्गको पहिचान मेटिने गरी नागरिकताको नम्बर नलेखिदिएपछि उक्त दलित जाति सीमान्तीकृत बनेको छ । उक्त जाति सुविधावञ्चित बनेको छ । अधिकारविहीन र अवसरविहीन बनेका दलितको सीमान्तीकृत बन्ने एउटा कारण उनीहरूको शिक्षा पनि हो भन्ने विषयमा कविले राखेका कवितांशमार्फत् प्रस्तुत गरिएको छ :

> अब लेख्नुस् सविस्तार लेख्नुस्
> म छेलाडी हुँ
> छेलाड़ी विश्कर्मा ।

> नागरिकता लिँदा नागरिकताको नम्बर छुटेको र रोल नम्बर नखुलेर किनारमा बाँचिरहेको एउटा खाँट्टी नेपाली ।

माथिको साक्ष्यमा शिक्षित वर्गलाई अभिजातवर्गीय पात्रका रूपमा प्रस्तुत गरिएको छ र उक्त शिक्षित वर्गले नागरिकता दिने क्रममा दलित जातिको नागरिकतामा नम्बर नराखिदिएको तथा नियतवश नलेखिदिएको प्रसङ्गलाई उल्लेख गरिएको छ । छेलाङ्ी कामीले आफू दलित भएको, अशिक्षित भएको तथा शक्तिहीन भएका कारण अनेकौं सुविधाबाट वञ्चित भएको आक्रोशलाई पहिचान मेटाइदिने अभिजातवर्गीय पात्रका सामु प्रस्तुत गरेको छ । उक्त आक्रोशलाई गायत्री चक्रवर्तीका अनुसार सबाल्टर्न वर्ग वा जातिको आक्रोशका रूपमा लिइन्छ ।

अभिजातवर्गीय व्यक्ति, वर्ग वा समाजले अशिक्षित दलित जातिको अशिक्षाको फाइदा उठाई ती दलित जातिमाथि छुवाछुतको व्यवहार गरेका प्रसङ्गहरू महाकाव्यमा प्रशस्तै पाइन्छन् । तथा अभिजात वर्गले वेदको अपव्याख्या गरेर वेदमा नै अछुतको व्यवस्था भएको नाटक गरी दलित जाति जातीय रूपले सबाल्टर्न बनेको कुरालाई पुष्टि गर्न महाकाव्यको प्रमुख पात्र छेलाङ्ी विश्वकर्माले वेदका रचनाकार व्यासको जाति के हो ? भनेर कविलाई प्रश्न गरेका कुरालाई पनि प्रस्तुत गरिएको छ :

> लेख्न त लेख्नुस् जात लेख्नुस् जातका गोत्रका, थर र उपथरका कथा लेख्नुस् ।
> तर यो पनि लेख्नुस् पवित्र ग्रन्थ वेद ।
> एक साधारण माझी पुत्री हुन् वेदका रचयिता व्यासकी आमा - मत्स्यगन्धा ।
> नदी किनारमा ऋषि प्राशरले उनलाई सुटुक्क सम्भोग गरेका हुन् व्यासको जात के हो ?

माथिको साक्ष्यले वेदका रचनाकार व्यासकी आमा मत्स्यगन्धालाई ऋषिले सम्भोग गरेपछि व्यासको जन्म भएको थियो, उक्त घटनालाई हेर्ने हो भने व्यासको जात के हो ? उनी अजात हुन् कि अछुत हुन ? अनि उनैद्वारा लेखिएको वेद चाहिँ पूर्वीय दर्शन परम्परामा पवित्र कसरी हुन्छ ? रचनाकार आफैँ अपवित्र कार्यबाट जन्मेको हो, उक्त अपवित्र कार्यबाट जन्मेको व्यक्तिले लेखेको वा रचना गरेको वेद चाहिँ कसरी पवित्र बन्न सक्छ ? भन्ने प्रतिरोधात्मक आवाजलाई कविले कलात्मक पाराले प्रस्तुत गरेका छन् । रञ्जित गुहाले त सबाल्टर्न आफैँ बोल्दैन, बोल्न सक्दैन किनकि उसको बोल्ने चेतना नै अभिजात वर्गले एकोहोरो बनाइदिइसकेको हुन्छ, तसर्थ उनीहरूको आवाज कसैले बोलिदिनु पर्छ भन्ने उल्लेख गरेका छन् तर गायत्री चक्रवर्तीले भने सबाल्टर्नको प्रतिरोधी चेतना चाहिँ अवसर पायो भने प्रकट हुन सक्छ भन्ने व्यक्त गरेका आधारमा यस साक्ष्यलाई जातीय सबाल्टर्नको प्रतिरोधी आवाजका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### *कर्मका आधारमा जातीय सबाल्टर्न*

नेपाली समाजमा विविध काम गर्ने पेसेवर वर्ग छन् । हरेकका पेसाको आआफ्नै पेसागत भूमिका रहेको हुन्छ । तथापि नेपाली समाजमा चलिरहेको काम वा कर्मका आधारमा नै उपल्लो वर्ग, अभिजात वर्ग र तल्लो वा दलित वर्गको संरचना तयार भएका उदाहरणलाई पनि कविले महाकाव्यमा प्रस्तुत गरेका छन् । कामका आधारमा दलित जातिको व्यवहार गरिएको र उक्त व्यवहारका कारण दलित जाति सबाल्टर्न बनेको प्रमाण महाकाव्यका धेरै ठाउँमा पाइन्छ ।

यो ब्रहमाण्डलाई पूर्ण रूप दिन आवश्यक पर्ने आगो छ र त्यो आगोसँग जोडिएको पेसा आरन छ । उक्त आरनको सम्बन्ध दलित जाति कामीसँग रहेको कुरा जगजाहेर नै छ । उक्त आगोको पेसा गर्ने कामी जाति र आगोको काम नगर्ने गैरदलित जातिका बिच शक्तिशाली र शक्तिहीन सम्बन्ध रहेको देखिन्छ । कुनै पनि विषयलाई पूर्णता दिन साधना अपरिहार्य छ, त्यसको ज्वलन्त उदाहरण आरन हो । त्यस्तै आरनले कहिल्यै नमेटिने र सदा

अस्तित्वमा राख्ने, हतियार निर्माण गरेको इतिहास साक्षी छ । आज उपल्लो वा शक्तिशाली वर्ग भनेर त्यो अभिजात तहमा पुऱ्याउन अहम् भूमिका खेल्ने विश्वकर्मा आज हेपिएको, तिरस्कृत भएको वा दबिएको स्थितिमा छ भन्दै छेलाङ् विश्वकर्माले आरनको इतिहास लेख्नुस् भन्दै आग्रह गरेका कुरालाई प्रस्तुत गरिएको छ :

लेख्नुस्, यो आरन हो,
यहाँ कर्म छ यहाँ विश्वकर्मा छ
यहाँ, गोल छ, यहाँ गोल बाल्ने आगो छ
यहाँ साधना छ, यहाँ सङ्घर्ष छ
यहाँ सामन्ती छाया टेकेर
खरानीमा उठेको परिष्कृत ढुकढुकी छ, स्पन्दन छ,
यहाँ सृष्टिको रस छ, यहाँ इतिहास छ

यहाँ छ हाम्रो आफ्नै गौरवपूर्ण अस्तित्व र यस देशको सम्पूर्ण वीरता र विजयको मूलसूत्रः हतियार ।

माथिको साक्ष्यमा अभिजात वर्गलाई विजयी बनाउने हतियार निर्माता विश्वकर्मा, आरन र असल कर्मयोद्धाको इतिहास मेटिएको र उक्त इतिहास लेखिदिन विश्वकर्माले कविलाई आग्रह गरेका विषयलाई प्रस्तुत गरिएको छ । जहाँ कर्म हुन्छ, त्यहाँ विश्वकर्मा हुन्छ, जहाँ विश्वकर्मा हुन्छ, त्यहाँ आगोको खेल हुन्छ अनि जहाँ आगोको खेल हुन्छ, त्यहाँ हतियार उत्पादन गर्ने कर्म हुन्छ । त्यसैले विश्वकर्मा (कामी) भनेका कर्म गर्ने मानिस हुन्, उनीहरूले आरनमा आगोसँग खेल्दै हतियार उत्पादन गरेकाले सोही हतियार प्रयोग गरी आजको अभिजात वर्गले युद्धमा विजय हासिल गरेको हो । त्यत्रो इतिहास बोकेको विश्वकर्माको इतिहास छैन, आगोको खेल गर्ने आरनको इतिहास छैन, हतियार उत्पादन र विजयी बनाउने आधारको इतिहास छैन, अनि के को इतिहास लेख्नुहुन्छ र भन्दै कविसँग छेलाङ्ी कामीले आफ्नो विद्रोह प्रकट गर्दै आफू जस्ता कर्मवीरहरूको इतिहास लेखिनुपर्ने कुरामा जोड गरेको छ । लामो सङ्घर्षले बनाएको कर्मको इतिहास छ, उक्त इतिहासलाई सामन्ती वर्गले मेटाउन चाहन्छ, कर्मलाई खरानी बनाउन चाहन्छ, कर्मको उपहास गर्न चाहन्छ, सृष्टिको मूल कारक सङ्घर्ष हो, उक्त रसिलो सङ्घर्षको कथा यहाँ छायामा परेको छ, रसिलो इतिहासको कथा यहाँ छायामा पारिएको छ र विश्वकर्मा जस्ता कर्मयोद्धाहरूको इतिहास छायाँमा पारी सबाल्टर्न बनाइएको छ । उक्त अवस्थाका कारण आज दलित जाति सबाल्टर्न नै बनेको छ । सामन्त वर्गले दलित जातिको इतिहासलाई छायाँमा पारेका कारण सबाल्टर्न इतिहास बनेको छ भन्ने विषयलाई जातीय पहिचानका रूपमा यस महाकाव्यमा अभिव्यक्त गरिएको छ ।

### *परम्पराका आधारमा जातीय सबाल्टर्न*

नेपाली समाज एउटा परम्परामा अडेको समाज हो । यसमा विभिन्न परम्पराले मानवको जीवनशैलीको विकास गरेको छ । यद्यपि यहाँका कतिपय इतिहासहरू लुप्त अवस्थामा छन्, एउटा परम्पराका कारण अर्को परम्परा लुप्त प्राय छ, उक्त अवस्थाका कारण दलित जातिको परम्परा हेपिएको छ, दबिएको छ, सनातन धर्मको परम्पराका नाममा दलित जातिमाथि छुवाछुत बढेको छ । सबाल्टर्नको उक्त अवस्थालाई पनि यस महाकाव्यले प्रतिरोधात्मक रूपले प्रस्तुत गरेको छ ।

आरनबाट फर्केपछि
गाईको गहुँत र सुनपानी छर्केर चोखिने चेतनाले कसरी लेख्छ
आरनको इतिहास, मान्छेको मर्यादा ?
कसरी बुभ्दछ,

सीपको अर्थ र सामर्थ्यको सीमा ?
तपाईंको दृष्टिकोण मै खोट छ,
महोदय !
सेतो हुँदैमा चौलानी दूध हुँदैन ।
कतिपल्ट उधाईनुहुन्छ यो छाती र कति चलाउनु हुन्छ
छुरा हाम्रो मुटुमा... ।

माथिको साक्ष्यले नेपाली सनातनी परम्पराका एकल जातिहरू कामीको आरनबाट फर्केपछि गाईको गहुँत र सुनपानीले छर्केर चोखो भई घरभित्र पस्ने गर्दछन् भन्ने प्रसङ्गलाई अभिव्यक्त गरेको छ । उक्त प्रसङ्गअनुसार आफ्नो काम गर्दा आरन जाने, काम सकेर फर्केपछि आफूलाई पुनः चोख्याउका लागि विभिन्न नाटक गरी कामी जातिलाई घेणा वा हेलाका दृष्टिले हेर्छन् भन्ने हो । नेपाली समाजको एउटा परम्पराका नाममा मानव जातिलाई अमानवीय व्यवहार गर्ने र उक्त व्यवहारका कारण कामी जाति किनारीकृत वा तिरस्कृत बन्न गई अधिकार र अवसरविहीन बनेको यथार्थलाई महाकाव्यले प्रस्तुत गरेको छ । कामी जातिमाथि भएको परम्परित समाजको व्यवहारका कारण उक्त जाति सबाल्टर्न जाति बनेको कुरालाई छेलाङ्गी कामी (विश्वकर्मा) ले प्रतिरोधात्मक ढङ्गले प्रस्तुत गरेको छ । उक्त प्रतिरोधात्मक प्रस्तुतिलाई ग्राम्सीले उदीयमान वा प्रतिरोधात्मक शक्तिका रूपमा प्रस्तुत गरेका छन् । अभिजातवर्गले अपहेला गरेपछि अपहेलित वर्गले देखाउने आक्रोशजन्य व्यहार नै प्रतिरोधात्मक शक्तिको व्यवहार हो भन्ने विषय उल्लेख भएका पाइन्छन् ।

### *धर्मका आधारमा जातीय सबाल्टर्न*

नेपाली समाजमा सनातन धर्म तथा संस्कृतिको परम्परा छ । उक्त परम्पराका कारण धर्म, शिक्षा, संस्कृति तथा रहनसहनमा पनि विभेदपूर्ण व्यवहारहरू देखिने गरेका छन् । उक्त व्यवहारलाई कविले यस महाकाव्यमा धर्म र यससम्बन्धी आस्थाका कारण समाजका दलित जातिहरू हेपिएका, दबिएका, तिरस्कृत भएका र किनारीकृत भएका कुरालाई प्रस्तुत गरेका छन् । महाकाव्यको मुख्य पात्र छेलाङ्ले आफ्नो वर्ग तथा जातिको प्रतिनिधित्व गर्दै कविलाई सामन्त वर्गको प्रतिनिधिका रूपमा ठानी आफ्नो धार्मिक अधिकार मागेको छ । मान्छेलाई आफ्नो आस्था प्रकट गर्न मन्दिरमा प्रवेश गर्न नदिने परम्पराका विरुद्ध छेलाङ् कामी (विश्वकर्मा) ले सामन्तले बनाएको मन्दिरमा आशीर्वाद होइन अपमान मिल्छ, उक्त अपमानलाई लेख्न कवि जस्तै सामन्तहरू तल्लीन छन् भन्ने विषयलाई विद्रोहात्मक स्वरमा प्रकट गरेको छ :

मन्दिरमा आशीर्वाद होइन
अपमान मिल्छ निरन्तर लेख्नुस्,
धारामा बगेको पानी हेरेर
तिर्खाले मुख भिजाउनेहरू धेरै छन्, लेखकहरू ।
सरस्वतीको पूजाको दिन बारीको पाटामा आफ्नै कक्षाको साथीले
फुत्त फालेको एक टपरी भात छ, लेख्नुस् ...।

माथिको साक्ष्यमा धर्मका आडमा कामीलगायतका दलित जातिलाई मन्दिर प्रवेशमा रोक लगाइएको तथा कामी विद्यार्थीले छुँदा सरस्वती पूजाकै दिन सामन्त वर्गको विद्यार्थीले खाइरहेको भातको टपरी फ्याँकेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । उक्त प्रसङ्गका आधारमा छेलाङ् कामीले मन्दिरमा दलितले आशीर्वाद होइन सामन्त वर्गको अपमान पाउँछ, अझ सामन्तले पूजा गरिरहेको सरस्वती पूजाका दिन सरस्वतीलाई पनि पेवा

बनाउँछ र उक्त दिन विद्यालयमा पढ्न गएको कामी विद्यार्थीले छुँदा सामन्ती वर्गको विद्यार्थीले हातको भात फ्याँक्छ र कामीलाई मन्दिर प्रवेशमा रोक लगाइएको कुरालाई प्रतिरोधी आवाजका रूपमा अभिव्यक्त गरेको छ । साथै छेलाङ् कामी समग्र दलितको प्रतिनिधि पात्र हो, उक्त दलितको आस्थालाई मन्दिर प्रवेशमा रोक लगाइएको कुरा अमानवीय व्यवहार हो भन्ने देखाइएको छ । यसको मतलव कविले सबाल्टर्न वर्गको आवाज बोलेका छन् र सबाल्टर्न वर्गको मुक्तिका लागि कवि स्वयम्ले छेलाङ् कामीलाई प्रतिरोधी चरित्रका रूपमा प्रस्तुत गरेका छन् । साथै शिक्षकसँग निम्तो मान्न गएका दलित शिक्षकलाई दूध, दही आदि दिन मिल्दैन, बरु पानी खाऊ भनिएका प्रसङ्गले महाकाव्यमा दलित र गैरदलितका बिच विभेद रहेको र उक्त विभेदका कारण दलित जाति सबाल्टर्न बन्न पुगेका कुरालाई देखाएको छ ।

***सम्पत्तिका आधारमा जातीय सबाल्टर्न***

सबाल्टर्न सिर्जनाको एउटा कारण पुँजी वा सम्पत्ति पनि हो । गरिबलाई विभिन्न कारणले हेप्ने, दबाउने र सामाजिक रूपमा निमुखा बनाउने परम्परा नेपाली समाजका थियो । यसै क्रममा परम्परित नेपाली समाजमा दरबार र गैरदरबारको व्यवहार फरक थियो । दरबारको पक्षका व्यक्ति र गैरदरबारको पक्षका व्यक्तिका बिच राज्यले फरक व्यवहार गर्थ्यो । यस महाकाव्यको ठुले कामी पनि दरबारीया शक्तिको शोषण, हेला तथा शोषण खप्न नसकेर अवसान भोग्नुपर्ने अवस्थामा पुगेको छ । जुनीमायाका घरपरिवारलाई जातीयताका कारण त्यो स्वीकार्य नभएपछि जुनीमायाले भागेर छेलाङ्सँगै विवाह गरेकी छ । त्यसपछि माइती, आफन्त र समाजबाट उनीहरू बहिष्कृत नै जस्ता भएपछि उनीहरू बाध्य भएर त्यो ठाउँ छाडेर बेसी झर्नुपरेको छ । त्यहाँ पनि जुनीमायालाई बुढी कमिनी, छुची कमिनीजस्ता नामले बोलाएर होच्याउने अनि उसका छोराछोरीलाई स्कुलमा पनि विभेद गरिन्छ । यस्तो अवस्थामा उनीहरूलाई साथ दिन कोही अगाडि सरेको देखिँदैन । समाजको त्यस्तो घोर मानवता विरोधी चरित्र देखेभोगेकी जुनीमायाले भनेकी छ :

> मलाई त जनावरभन्दा मान्छेदेखि डर लाग्छ... ।

यस छोटो तर तिखो साक्ष्यले समाजमा सम्पतिका कारण मान्छेलाई जनावरको जतिको पनि व्यवहार गरिँदैन भन्ने आशयलाई व्यक्त गरेको छ । तथा महाकाव्यको उद्देश्य पनि गरिब तथा कमजोर वर्गमाथि सामन्त वर्ग तथा जातिले अपहेलना अभिव्यक्त गर्नु रहेकाले महाकाव्यको पात्र छेलाङ्ले गरिब भएकै कारण आफूलाई समाजले तिरस्कार गरेको कुरा व्यक्त गरेको छ :

> के कारण म जन्मकै कारण गरिब हुनुपर्छ /जन्मकै कारण अछुत हुनुपर्छ ?
> अपहेलित र शोषित हुनुपर्छ ?/देशले त सोचेन/सोचेन र त सच्याएन गल्ती
> तर के/मेरो बारेमा म आफैँले सोच्न पाउन्न र ?... (पृ.१३५)

माथिको साक्ष्यले छेलाङ् गरिब हुनुको कारण अछुत बनेको कुरालाई प्रस्तुत गरेको छ । तथा उक्त कारणको नतिजाका रूपमा दलित सबाल्टर्न बनेको पनि छेलाङ्कै मुखबाट अभिव्यक्त भएको छ । गरिब बन्नुको कारण अछुत बनेको होकि अछुत बनेकाले गरिब भएको हो भन्ने बारेमा गहिरो प्रश्न उब्जिएको देखिन्छ । एउटा समुदायलाई इतिहासले नै गरिब बनाएको र उक्त गरिबीका कारण सम्बद्ध वर्ग, जाति र समुदाय नै सबाल्टर्न बनेको कुरालाई महाकाव्यले प्रस्तुत गरेको छ । कामी दलित समुदाय गरिबीकै कारण सबाल्टर्न हुनुपरेको सन्दर्भलाई पात्र छलाङ् आफैँले प्रस्तुत गरेकाले पनि उक्त कुरा पुष्टि हुन्छ । उक्त गरिबीका कारण अपहेलित र गरिब हुनुपरेको, सो कुरालाई बुझेर पनि राज्यले कुनै गल्ती नसच्याएको पनि मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

यी सबै कुराको कारण छेलाडीको विपन्नता हो किनभने नेपाली समाज धन र धाकमा टिकेको छ । त्यही भएर सम्पन्नले विपन्नलाई हेप्ने र उत्पीडित तुल्याउने गर्छन् । छेलाडी यदि सम्पन्न हुन्थ्यो भने उनीहरूलाई आफन्त र समाजले त्यसरी घृणित ठान्ने र बहिष्कार गर्ने थिएनन् ।

**निष्कर्ष**

*अग्नि* महाकाव्यले नेपाली समाजमा व्याप्त अवस्थामा रहेको छुत र अछुत वर्ग जातिका बिचको विभेदलाई मिहिन ढङ्गले प्रस्तुत गरेको छ । विशेषगरी दलित जाति र गैरदलित जातिका बिचको विभेदजन्य व्यवहारका कारण दलित जाति सबाल्टर्न बनेको आशय महाकाव्यले व्यक्त गरेको छ । महाकाव्यमा फरक फरक जातका पात्रहरूको प्रयोग भए पनि यसको केन्दमा छुत र अछुत ठानिने जातका पात्रहरू रहेका छन् । विश्वकर्मा वा कामी र तिनीहरूसँग सम्बन्ध गाँस्नेलाई अछुत मानिएको छ । आर्थिक दृष्टिले ती विपन्न छन् । तिनको सत्ता र शक्तिसँग पहुँच छैन तर राज्यको टेको र शासकको भऱ्याङ भने उनीहरू नै भइदिनुपरेको छ । त्यसको प्रतिफल अछुत जातिले छुत ठानिने जातिबाट अपमान, तिरस्कार र उत्पीडनमात्रै पाएका छन् । नखाएको विष उनीहरूलाई लागेको छ । ठुले कामी ती सबै दुर्नियति भोग्ने प्रतिनिधि पात्र हो । अविवेकी सत्ताका कारण उसको दुखद ढङ्गमा मृत्यु भएको छ र उसको मृत्युको भन्दा अझ बढी त्रास उसका परिवार र समाजमा फैलिएको छ ।

त्यस्तै अछुत जातिले सर्वत्र विभेद तथा तिरस्कारको शिकार हुनुपरेको छ । दुई व्यक्ति तर अछुत र छुत जातिका भए पनि प्रेम विवाहमा बाँधिएका छेलाडी र जुनीमायाले पनि जातीय विभदको चर्को मार खेप्नुपरेको छ । माइती, आफन्त र समाज सबैतिरबाट तिनीहरू तिरस्कृत छन्, सबैतिरबाट तिनीहरू लखेटिएका छन् । उनीहरूले आफ्नो गाउँ छाड्नुपरेको छ । उनीहरू जहाँ गए त्यहाँ पनि तिरस्कार गर्ने वर्ग र जाति छन् । तिरस्कारका कारण उनीहरू सबाल्टर्न बनेका छन् । उनीहरूको सबाल्टर्नको कारण गरिबी पनि छ । यसर्थ महाकाव्य उत्पीडित अछुतहरूको पक्षबाट लेखिएको छ, यसको मतलव सबाल्टर्नका पक्षबाट उनीहरूको आवाजका रूपमा महाकाव्य बोलेको छ ।

समग्रमा हेर्दा नेपाली समाज अछुत र छुत गरी दुई खालका जातिको संरचनाबाट चलेको देखाइएको छ । छुत जातिले अछुत जातिमाथि थिचोमिचो, हेप्ने, दबाउने तथा तिरस्कार गर्ने व्यवहार देखिन्छ । उक्त अछुत जातिको सामाजिक सांस्कृतिक तिरस्कारको अवस्थालाई सबाल्टर्नको अवस्थाका रूपमा लिई कविले सबाल्टर्नका पक्षबाट प्रतिरोधी आवाज बोलिदिएका छन् । यसरी दलित जातिको सीमान्तीकृत अवस्था वा सबाल्टर्नको अवस्थालाई देखाउने विशेषगरी शिक्षाको आधार, कर्मको आधार, सिपको आधार, सम्पत्तिको आधार तथा धर्मका आधार गरी यस अध्ययनमा पाँच आधारमा दलित जातीय सबाल्टर्नको खोजी गरिएको छ । उक्त खोजीअनुसार महाकाव्यमा धर्म तथा कर्मको आधारमा दलित जाति तिरस्कृत भएको देखाइएको छ भने शिक्षालाई परम्परा बङ्ग्याउने र विभेद सिर्जना गर्ने प्रत्यक्ष औजारका रूपमा देखाइएको छ । सनातनी परम्पराका नाममा नेपाली समाजमा जातीय विभेद सिर्जना गरिएको कुरालाई महाकाव्यले प्रस्तुत गरेको छ ।

*अग्नि* महाकाव्यले मोदनाथ प्रश्रितको *मानव* महाकाव्यको जस्तो दलित जातीय सबाल्टर्नको पक्षलाई प्रतिनिधित्व गरेको छ । सबाल्टर्न जस्तो साहित्य अध्ययनको आधुनिक पद्धतिलाई माध्यमिक तथा विश्वविद्यालयको उच्च तहमा अध्ययन तथा बहस चलाइनु सान्दर्भिक देखिन्छ । यस प्रकारका सामग्रीले पक्कै पनि कक्षाकोठामा पनि विद्यार्थीमैत्री तथा समतामैत्री शिक्षा लिने र दिने वातावरण तयार पार्न मदत गर्ने छ । साथै यस अध्ययनले विद्यार्थीका बिचमा आलोचनात्मक सोचाइ, सिर्जनात्मकता, सहकार्यमूलक सिकाइ पद्धति, अन्तरवैयक्तिक सञ्चार सिप तथा भाषाका चारवटै सिप वा सक्षमताको विकासमा मदत पुर्‍याउने नै छ । यद्यपि हरेक कक्षामा

समतामूलक बसाइ, सिकाइमा सहभागिता तथा निष्पक्ष शिक्षण सिकाइ क्रियाकलापको निर्माणका लागि यस प्रकारका सामाजिक विषयवस्तुले सहयोग पुर्‍याउने नै देखिन्छ ।

## सन्दर्भसामग्री


अम्गाई, सुशीला (२०७९), समाज रूपान्तरणको आलोकः *अग्नि* महाकाव्य, https://www.ratopati.com/story/258471

अभिलाषी, नवीन (२०७८), *अग्नि* : मेरो छुटेको इतिहास,https://ekagaj.com/article/weekend/40899/

अवस्थी, उमेश (२०७८), इतिहासको सँगालो र सामाजिक प्रवृत्तिको ऐना हो *अग्नि* ।https://nagariknews.nagariknetwork.com/arts/779611-1648438541.html

अवस्थी, टेकराज (२०७९), *अग्नि* महाकाव्यका बारेमा नवराज लम्सालललाई दश टिप्पणी र पाँच प्रश्न !, https://https://www.lokkalam.com/news/14815

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स ।

खड्का, डिबी (२०७९), *अग्नि*मा उत्पीडित समुदायका आवाज आफ्नै शैलीमा कोरिएका छन् : नवराज लम्साल । https://nepallive.com/story/290224

घिमिरे, गणेश (२०७९), डा. लम्सालको 'अग्नि' भित्रको आगो खोज्दा https://ehimalayatimes.com/2022/09/41562/

चौधरी, सुसन (२०७९), २० वर्षमा लेखिसकिएको मदन पुरस्कार विजेता 'अग्नि । https://www.setopati.com/art/book/283415

थापा, अशोक (२०७९), अग्रशोची काव्यः *अग्नि* । https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/70400/

पौडेल, चन्द्रकान्त (२०७९), धर्मगुरुहरूलाई धर्मशास्त्र सम्झाउने बहुआयामिक महाकाव्य 'अग्नि'। https://kathmandupress.com/detail/64033

पौडेल, महेश (२०७८), एक मूर्तिभन्जकको अस्त्रबिम्बः 'अग्नि' । https://jhannaya.nayapatrikadaily.com/news-details/1634/2022-02-19

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन* (दोस्रो संस्क.), साझा प्रकाशन ।

लम्साल, नवराज (२०७८), *अग्नि,* बुक हिल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, *भृकुटी* १९. पृ.३१४-३२५ ।

शर्मा, मोहनराज (२०७१, भदौ), श्वेत भैरवी कथामा अबरजन, *मधुपर्क,* ४७/४, पृ. २५-२७ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुब्वा, मनप्रसाद र थापा, रेमिका (सम्पा.) (सन् २०११), *किनारा विमर्श,* गामा प्रकाशन ।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार ।

सुवेदी, अभि. 'सबाल्टर्न इतिहास र बोली.' *जुगल सैद्धान्तिक नेपाली समालोचना.*(सम्पा), राजेन्द्र सुवेदी, जुगल पब्लिकेशन, पृ. १०७-११३ ।

Adamson, L. W. (1980). *Hegemony and Revolution: Antonio Gramsci's Political and Cultural Theory*, University of California Press.

Bahal, V. (2004)."Relevance (orirrelevance) of subalten studies".

David, L, (2000). Barkar, Krish. the sej distonary of caltural studies. SAZE publication.

Benebai, B. Dramatizing subaltern speakability. Nationalism and Economic identity ola. Ratimis Aks Youmi. http:lldxdoi.org/10.43/4/ujah.v/31

Chalise, K. (1980). laar: A complete imbalance."//kuber.blog.com.Foucatt, Michel. Power/Knowledge. Hemel Hempstead: Harvester press.

Gramsci, A. (1973). *The Prison Notebooks: selections*. Thas and Ed. Hoare and smith. Lawtence and wishart.

Gramsci, A. (1978). *Political Writing*. The Camelot Press Ltd, Southampton.

Guha, R. (2003). One some Aspects of the Historiography. *Subaltern studies*. OUP,1–8.

Femia, V. (1981). *Gramsci's Political Thought*, Clarendon press, Oxford.